# बेलबारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बेलबारी मोरङ
कोशी प्रदेश

## सटर भाडामा लगाउने सम्बन्धी बेलबारी नगरपालिकाको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३।०४।१९

बेलबारी नगरपालिका अन्तर्गत रहेका तपशिल बमोजीमका सटर भाडामा लगाउने नगरपालिकाको मिति २०८३/०४/१९ गतेको निर्णय बमोजिम देहायमा उल्लेखित शर्तहरूको अधिनमा रहि यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र रितपूर्वकको दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल :

| क.स. | स्थान | मासिक न्यूनतम कबोल रकम रु. (मु.अ.कर सहित) | सटर संख्या | फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | बेलबारी नगरपालिका वडा नं. ३ स्थित मवेशी पशु हटियामा बनेको ७ बटा सटर (सटर नं. १ देखी ७ सम्म) | ३५००/- (अक्षेरुपी तिन हजार पाँच सय रुपैया मात्र) (प्रतिसटर) | ७ | २०० | |

शर्तहरू

१. भाडामा लिन चाहाने इच्छुक व्यक्ति, फर्म, कम्पनी, संघसंस्थाले नगरपालिकाबाट दरभाउपत्र फारम खरिद गर्न सक्नुहुनेछ ।

२. सटर भाडामा लिने फर्म, कम्पनी, संघसंस्थाको हकमा व्यवसय प्रमाणपत्रको प्रतिलिपि, आन्तरिक राजस्व कार्यालयबाट प्राप्त मु.अ.कर वा प्यान नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आर्थिक बर्ष २०८१/८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी तथा प्रोपाइटरको नागरिकताको प्रतिलिपि र यस कार्यालयबाट खरिद गरिएको दरभाउपत्र भरी शिलबन्दी गरी पेस गर्नुपर्नेछ । व्यक्तिको हकमा नेपाली नागरिकताको प्रतिलिपी र यस कार्यालयबाट खरिद गरेको दरभाउपत्र भरी शिलबन्दी गरि पेस गर्नुपर्नेछ ।

३. दरभाउपत्र पेस गर्दा मासिक कबोल रकम बराबर एक महिनाको रकम नगरपालिकाको धरौटी खाता नं. २४३०१००३०३००००२ राष्ट्रिय वाणिज्य बैंक, बेलबारी शाखामा जम्मा गरी सक्कल बैंक भौचर सहित दरभाउपत्र फारम पेश गर्नुपर्ने छ ।

४. यो बहाल सम्झौता भएको मिति देखी आ.व. २०८३/८४ सम्मको लागि हुनेछ । त्यसपछि आपसी समझदारीको आधारमा बेलबारी नगरपालिकाको सार्वजनीक खरिद नियमावली, २०७८ को दोस्रो संशोधन सहित नियम १३८ को उपनियम १ बमोजीम र प्रचलित कानून बमोजीम थप ४ बर्षका लागि सम्झौता/नविकरण गर्न सकिनेछ। सम्झौता/नविकरण गर्दा सम्झौता रकम आर्थिक ऐनले तोके बमोजीम हुनेछ ।

५. वडा नं. ३ मवेशी पशुहाटमा रहेको सटरमा सुँगुर र राँगाको मासु बेचबिखनको लागि मात्र प्रयोग गर्नुपर्नेछ ।

६. पानी महशुल तथा विद्युत महशुल भाडामा लिने व्यक्ति, फर्म, कम्पनी, संघसंस्था स्वयंले व्यहोर्नु पर्नेछ ।

७. प्रति सटर तोकिएको न्यूनतम मासिक भाडा भन्दा बढी बढाबढमा सबै भन्दा बढी कबोल गर्ने र रित पूर्वक भएको आवेदनलाई स्वीकृत गरिनेछ । दरभाउपत्र खरिद सूचना प्रकाशन भएको मितिले १५ औं दिन दिनको ४:०० बजेसम्म नगरपालिकाको राजश्व उपशाखा बाट खरिद गर्न सकिनेछ

८. दरभाउपत्र दर्ता सूचना प्रकाशन भएको मितिले १६ औं दिन दिनको १२:०० बजेसम्म गर्नुपर्नेछ। दर्ता भएका आवेदनहरू १६ औं दिन दिनको ०२:०० बजे कार्यालयका प्रतिनिधि र आवेदकको रोहबरमा शिलबन्दी खोलिनेछ । शिलबन्दी खोल्ने समयमा आवेदकहरू उपस्थित हुन नसकेमा कार्यालयलाई दरभाउपत्र खोल्न बाधा पुर्ने छैन । सार्वजनीक बिदाको दिन परेमा कार्यालय खुल्ने समयलाई १५औं/१६औं दिन कायम हुनेछ ।

९. दरभाउपत्र स्वीकृत जानकारी प्राप्त भएको मितिले सात दिन भित्र आफुले कबोल गरेको मासिक भाडाको दर अनुसार जम्मा १ महिनाको भाडाबापतको हुने रकम र ३(तिन) महिनाको धरौटी अग्रीम जम्मा गरी सकेपछि मात्र सम्झौता गरीने छ वा एक (१) बर्षको जम्मा रकम अग्रीम बुझाएमा धरौटी रकम जम्मा गर्नुपर्ने छैन।

१०. तोकिएको म्याद भित्र सम्झौता नगरेमा त्यस पछि बढी कबोल गर्ने व्यक्ति, फर्म, कम्पनी तथा संघस्स्थासँग सम्झौता गरिनेछ । सम्झौता नगर्ने फर्म, कम्पनी तथा संघसंस्थाको धरौट रकम जफत गरिनेछ ।

११. म्याद भन्दा ढिलो गरी प्राप्त हुन आएको, रीत नपुगेको, कुनै शर्त राखी पेश भएको, सूचनाको शर्त विपरित भएको आवेदन माथि कुनै कारबाही हुनेछैन ।

१२. शिलबन्दी आवेदन स्वीकृत गर्ने / नगर्ने सम्पूर्ण अधिकारी यस नगरपालिकामा सुरक्षित रहनेछ ।

१३. यस प्रकृयामा सहभागी हुने दरभाउपत्र दाताले सूचनामा उल्लिखित सम्पूर्ण शर्तहरू लाई स्वीकार गरी समावेस गरिएको मानिनेछ ।

१४. माथि उल्लेखित शर्तहरुको थप प्रष्टिकरण र व्याख्या साथै सूचनामा उल्लेख नभएका अन्य विषयहरुको हकमा प्रचलित कानुन र स्थापित सार्वजनिक हितका मान्यता मुताविक हुनेछ र यस सम्बन्धी निर्णय गर्ने अन्तिम अधिकार नगरपालिकालाई हुनेछ ।

संजय बहादुर राजलवट
प्रमुख प्रशासकीय अधिकृत

# बेलबारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बेलबारी, मोरङ
कोशी प्रदेश नेपाल

## दरभाउपत्र फारम

### बेलबारी नगरपालिका वडा नं. ३ स्थित मवेशी पशु हटियामा बनेको ७ वटा सटर (सटर नं. १ देखी ७ सम्म)

दरभाउपत्रदाताको नामः ..........................................................

ठेगानाः ..........................................................

स्थायी लेखा नं. ..........................................................

दरभाउपत्र खरिद गरेको रसिद / भौचर नं.: ....................................

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यू,
बेलबारी नगरपालिकाको कार्यालय, बेलबारी मोरङ ।

बेलबारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेलबारी, मोरङ
कोशी प्रदेश, नेपाल

संजय बहादुर राजलवट
प्रमुख प्रशासकीय अधिकृत

विषयः दरभाउपत्र पेश गरेको सम्बन्धमा।

महोदय,

बेलबारी नगरपालिकाबाट मिति २०८३/०४/१९ गते प्रकाशित बेलबारी नगरपालिका वडा नं. ३ स्थित मवेशी पशु हटियामा बनेको ७ वटा सटर (सटर नं. १ देखी ७ सम्म) को सूचना बमोजिम सूचनामा रहेको शर्तहरू राम्ररी पढि बाची उक्त शर्तहरूमा मञ्जुर भई आ.व. २०८३/८४ का लागि बेलबारी नगरपालिका वडा नं. ३ स्थित मवेशी पशु हटियामा बनेको ७ वटा सटर (सटर नं. १ देखी ७ सम्म) को लागि यो म / कम्पनी / फर्म मन्जुर रहेकोले यो निवेदन पेश गरिएको छ / छु । साथै त्यस कार्यलयबाट माग भएका कागजातहरुको प्रमाणित प्रतिलिपि यसै दरभाउपत्रस फारम साथ पेश गरिएको छ/ छु ।

फर्म/कम्पनी / व्यक्तिको नामः

प्रोपाईटर/प्रतिनिधिको नामः

दस्तखतः

ठेगानाः

मितिः

सहीछापः

जय बहादुर राजलवट
प्रमुख प्रशासकीय अधिकृत

वेलवारी नगरपालिका वडा नं. ३ स्थित मवेशी पशु हटियामा बनेको ७ वटा सटर (सटर नं. १ देखी ७ सम्म) सम्बन्धी **BoQ – २०८३ (सबै भन्दा दक्षिण तर्फको सटर नं. १ क्रमश २, ३..... ७ सम्म)**

| सि. न. | नाम | न्यूनतम प्रति सटर रु. (मु.अ.कर सहित) | सटर नं. | कुल कबोल रकम (मु.अ.कर. सहित) | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | अंकमा | अक्षरमा | |
| १ | वेलवारी नगरपालिका वडा नं. ३ स्थित मवेशी पशु हटियामा बनेको ७ वटा सटर | ३५००।- (रु. तिन हजार पाँच सय मात्र) | १ | | | राँगाको लागि |
| | | | २ | | | राँगाको लागि |
| | | | ३ | | | राँगाको लागि |
| | | | ४ | | | सुँगुरको लागि |
| | | | ५ | | | सुँगुरको लागि |
| | | | ६ | | | सुँगुरको लागि |
| | | | ७ | | | सुँगुरको लागि |

नोट : सूचनामा उल्लिखित विषय र प्रचलित कानुन बमोजिम हुने गरी फर्म / कम्पनी, व्यक्ती यस प्रकृयामा सहभागी भएका छौं ।पेश गर्ने व्यक्ती ,फर्म / कम्पनीको नाम :

पेश गर्ने व्यक्ती ,फर्म / कम्पनीको ठेगाना :

पेश गर्ने व्यक्ती ,फर्म / कम्पनीको फोन नं. :

पेश गर्ने व्यक्ती ,फर्म / कम्पनीको ईमेल :

पेश गर्ने व्यक्तीको हस्ताक्षर ,फर्म / कम्पनीको प्रतिनिधिको हस्ताक्षर र छाप :

मिति :